स्थानीय राजपत्र
मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित
बर्ष ८ मध्यपुर थिमि भक्तपुर जेष्ठ २५ ,२०८१
भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको यो कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको कार्यविधि नं.

कार्यपालिकाबाट स्वीकृत मिनि: २०८१/०२/२५

## मध्यपुर थिमि नगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१

संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको आधारमा तोकीएको प्रतिशतमा नघटने गरी जेहेन्दार विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति आदि विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने शिक्षा नियमावली,२०५९ ले व्यवस्था गरेकोमा नगर शिक्षा ऐन, २०७९ को दफा २८ बमोजिम नगरपालिकाको सिफारिसमा छात्रवृत्ति वितरणका लागि मध्यपुर थिमि नगरपालिकाको नगर शिक्षा ऐन,२०७९,को दफा ४७ को प्रावधान बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. उद्देश्य

क) छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउने

ख) संस्थागत विद्यालयमार्फत वितरण गरिने छात्रवृत्तिलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी सदुपयोग गर्ने।

ग) छात्रवृत्ति व्यवस्थापन तथा वितरणमा संलग्न विभिन्न तहका पदाधिकारीहरूको भूमिका तथा जवाफदेहिता स्पष्ट गराउने।

घ) सबै प्रकारका छात्रवृत्ति वितरणमा दोहोरोपनाको अन्त्य गर्ने ।

ङ) छात्रवृतिको अभिलेख व्यवस्थापन र प्रतिवेदन प्रभावकारी र व्यवस्थित बनाउने

च) विद्यालय अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।

२. **छात्रवृत्ति व्यवस्थापन समितिको गठन** :अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली,२०७७ बमोजिमको नगरपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन समिति अन्तर्गत रहने गरी विद्यालय तहमा"**विद्यालय छात्रवृत्ति व्यवस्थनपन समिति**" देहाय अनुसार रहनेछः

क) अध्यक्षः विद्यालय सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक मध्ये अध्यक्षले तोकेको व्यक्ति

ख) सदस्यः नगरशिक्षा समितिको संयोजकले तोकेको शिक्षा समितिको सदस्य १ जना

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

ग) सदस्यः शिक्षा,युवा तथा खेलकू शाखाको प्रतिनिधि १ जना

घ) सदस्यः नगर प्रमुखले तोकेको सामाजिक विकास समितिको सदस्य १ जना

ङ) सदस्य सचिवः प्रिन्सिपल/प्रधानाध्यापक

आवश्यकता अनुसार समितिले अन्य व्यक्तिहरुलाई विज्ञकोरूपमा आमन्त्रण गर्न सक्नेछ। यसरी आमन्त्रण गर्दा छात्रवृत्तिको प्रकृति तथा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(क) **"विद्यालय छात्रवृत्ति व्यवस्थनपन समिति"को काम कर्तव्य अधिकार देहाय अनुसार हुनेछः**

१. विद्यालयले छात्रवृत्ति वितरण गर्नु पर्ने कोटा निर्धारण गर्ने र सोको विवरण सार्वजनिक गर्ने।

२. कोटा निर्धारण गर्दा विद्यालयमा भएको जम्मा विद्यार्थी संख्याको आधारमा संघीय कानुन तथा स्थानीय कानून बमोजिम गर्नु पर्नेछ। यसरी कोटा निर्धारण गर्दा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ लाई आधार मान्नु पर्नेछ। त्यसरी निर्धारण भएको कोटाको आधारमा नगर शिक्षा ऐन, २०७९ बमोजिम जम्मा वितरण हुने कोटाको ५०% प्रतिशत विद्यालयले र ५०% प्रतिशत नगरपालिकाको सिफारिसमा वितरण गर्ने गरि व्यवस्था गर्नु पर्नेछ।

३. विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने संख्याको अभिलेख राख्ने र नियमित गर्ने ।

४. आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थी मध्ये तोकिएका आधार बमोजिम छात्रवृत्ति प्राप्त गर्न विद्यार्थीबाट आवेदन माग गर्ने ।

५. नगरपालिकाबाट वितरण भएको आवेदन संकलन गरी राख्ने ।

६. प्राप्त भएका आवेदन उपर छानविन गरी योग्य विद्यार्थीहरूको नामनामेसी विवरण संकलन, रूजु र प्रमाणीकरण गर्ने ।

७. आवेदन अनुसार माग भएको छात्रवृत्ति निवेदकको माग अनुसार प्रत्येक किसिमका छात्रवृत्ति आफ्नो विद्यालयको विद्यार्थी संख्याको आधारमा कोटा निर्धारण गर्दाकक्षागत कोटालाई समेत आधारमानी गर्ने ।

८. छात्रवृत्ति वितरणको लागि अभिलेख राखीनगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा विवरण पठाउने ।

९. शैक्षिक सत्र २०८० मा कक्षा १,कक्षा ६ र कक्षा ९ मा अध्ययनरत विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका रहेछन् भने कक्षा १ मा प्राप्त गर्नेलाई कक्षा ५ सम्म, त्यसै गरि कक्षा ६ मा प्राप्त गर्नेलाई कक्षा ८ सम्म र कक्षा ९ मा प्राप्त गर्नेलाई कक्षा १० सम्म सोहि विद्यालयमा अध्ययन गरेमा वा कक्षा दोहो-याएको अवस्था नभएमा निरन्तर रुपमा छात्रवृत्ति प्रदान गर्नु पर्नेछ ।

१०. अन्य कक्षामा अध्ययनरत विद्यार्थीकोहकमा अघिल्लो शैक्षिक सत्रमा वितरण भएका विद्यार्थीलाई निरन्तरता दिने ।

११. विद्यालयको विद्यार्थी संख्याको आधारमा वितरण गर्नुपर्ने छात्रवृत्ति संख्या र किसिम अनुसार वितरण गरी सुचना पाटी, वेवसाईटमा राख्न लगाउने ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

१२. कक्षा ११ को तोकिए बमोजिमको छात्रवृत्तिमा अदेदन गर्नका लागि नगरपालिकाबाट सार्वजनिक सूचना प्रकाशन गर्ने र त्यसरी सार्वजनिक सूचना बमोजिम परेका आवेदकहरुमध्ये तोकिएको किसिमका आधारमा प्रतिस्पर्धाका आधारमा छात्रवृत्तिका लागि नगरपालिकाले सिफारिस गर्नेछ ।

**(ख) छात्रवृत्तिको किसिमः**

दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, द्वन्दपीडित तथा सहिदका छोराछोरी, एकल महिलाका छोराछोरीको लागि छात्रवृत्ति, लोपोन्मुख/सीमान्तकृत छात्रवृत्ति, जेहन्दार छात्रवृत्ति, विपन्न/असहाय/गरिब छात्रवृत्ति, पिछडा वर्ग/मधेशी/मुस्लिम छात्रवृत्ति, जनजाति छात्रवृत्ति आदी ।

**(ग) छात्रवृत्ति सम्बन्धी व्याख्याः**

नेपाल सरकारबाट घोषित आयोग, निर्देशिका, प्रमाण-पत्रबाट प्रमाणित, नेपाल सरकारबाट वितरण परिचय पत्र भएका/ उल्लेख गरिए बमोजिमलाई जनाउँनेछ ।

**(घ) छनौटका आधारहरू**

१. तोकिएको समय भित्र सम्बन्धित विद्यार्थी / अभिभावकले निवेदन गर्नुपर्नेछ ।
२. विशेष अवस्था बाहेक छात्रवृत्ति प्राप्त गर्न कम्तिमा पनि ८० प्रतिशत कक्षामा हाजिर हुनुपर्नेछ ।
३. एक पटक छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले पुनः सोही कक्षामा छात्रवृत्ति पाउने छैन ।
४. जुनसुकै किसिमका छात्रवृत्ति प्रदान गर्दा मुख्य आधार गरिब तथा जेहेन्दारलाई प्राथमिकता दिईनेछ ।
५. विद्यालयमा अध्ययनरत कुल विद्यार्थी संख्याको १० प्रतिशत विद्यार्थीलाई १०० प्रतिशत छात्रवृत्ति प्रदान गर्नुपर्नेछ ।
६. छात्रवृत्ति वितरण गर्दा छात्रवृत्ति व्यवस्थापन समितिबाट निर्णय गरी वितरण गर्ने व्यवस्था मिलाउने र छात्रवृत्ति वितरणको विवरण विद्यालयको सूचनापाटी र विद्युतीय सूचना प्रणालीमा समेत राख्ने व्यवस्था मिलाउने ।
७. १० प्रतिशत भन्दा बढी विद्यार्थी संख्याको आवेदन परेमा अभिभावकहरूको आर्थिक अवस्था र विद्यार्थीको सिकाइ उपलब्धि समेतको आधारमा छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउने ।
८. विद्यालयमा अध्ययनरत विद्यार्थी मध्ये जेहेन्दार, विपन्न, असहाय, अपाङ्ग, महिला, दलित, जनजाति,द्वन्द पिडित, सहिद परिवारका विद्यार्थी, वैदेशिक रोजगारमा मृत्यु भएका परिवारका विद्यार्थी, मधेशी सहित अन्य समावेशी आधारमा छात्रवृत्ति व्यवस्थापन गर्ने ।
९. मध्यपुर थिमि नगरपालिकामा छात्रवृत्तिका लागि निवेदन दिएका र विद्यालयमा पेश भएको निवेदन समेत छात्रवृत्ति वितरण समितिको बैठकमा पेश गरी निवेदन उपर आवश्यक कारवाही गर्ने ।
१०. छात्रवृत्ति वितरण विवरण प्रमाणित गरी विद्युतीय प्रति समेत मध्यपुर थिमि नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाउने ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राजा बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

११. विद्यालयबाट प्राप्त भएको छात्रवृत्ति विवरण यस नगरपालिकाको Website एकमुष्ट रुपमा राखिनेछ ।

१२. यस वर्ष वितरण भएका र छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले विद्यालयको(आधारभूततह कक्षा १-५, आधारभूत तह ६-८ र माध्यमिक तह ९-१० तह) तह उत्तीर्णनगरे सम्मका लागि निरन्तर रुपमा छात्रवृत्ति प्राप्त गर्ने व्यवस्था मिलाउने।

१३. पूर्व प्राथमिक विद्यालयले पनि माथि उल्लेखित व्यवस्था अनुरुप छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ। (स्पष्टीकरणः पूर्व प्राथमिक विद्यालय भन्नाले किण्डरगार्टेन, मण्टेश्वरी, प्रि-स्कूल एवं विद्यालयमा सञ्चालित नर्सरी देखि माथिल्लो के जी सम्मलाई बुझाउनेछ)

१४. एक परिवारको एक भन्दा बढी विद्यार्थी भएमा एक जनालाई मात्र छनौट गर्ने ।

१५. कुनै वर्गको छात्रवृत्ति कोटा रिक्त भएमा सोही वर्गको विद्यार्थीहरू मध्येबाट पुर्ति गर्नु पर्ने छ ।

१६. यस नगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिबाट अनुगमन संयन्त्र प्रभावकारी बनाइने।

१७. यसमा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको वर्गमा स्थानीय बासिन्दाका विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

प्रमाणीकरण मिति २०८१।०३।०२

आज्ञाले
राम बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२